# फलेवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ पर्वत ।

## गण्डकी प्रदेश, नेपाल

### शिलबन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५।०९।२५

यस कार्यालयको चालु आ.ब. २०७५/७६ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:–

१. सम्वन्धित कागजातहरु संलग्न भएको वोलपत्र फाराम यस कार्यालयबाट मिति २०७५ माघ २४ गतेसम्म कार्यालय समयभित्र रु. ३,०००।०० (तिन हजार) मात्र दस्तुर सम्वन्धित कार्यालयमा नगद (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ । साथै वोलपत्रसंग सम्वन्धित सम्पूर्ण कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको web site:www.bolpatra.gov.npमा पनि हेर्न सकिने छ ।
२. वोलपत्र खरिद गर्न आ.व. २०७४/७५ सम्म नविकरण भएको ईजाजत पत्र, आयकर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी फलेवास नगर कार्यपालिकाको कार्यालय, खानीगाउँको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखाको खाता नं. ३५४०३०४०१८१०२( ग-४-१) मा रु. ३०००।- जम्मा गरेको स्क्यान कपी (Scan copy,Pdf format) समेत राखी ई सवमिसन (e-Submission) मार्फत वोलपत्र पेश गर्न सकिने छ।
३. यसरी खरिद गरिएका वोलपत्र फारामहरु मिति २०७५ साल माघ २५ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्यादभित्र प्राप्त हुन आएका शिलबन्दी वोलपत्रहरु सोही दिन दिनको १३:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा वोलपत्र खोल्न वाधा पर्ने छैन ।
४. वोलपत्रदातालाई वोलपत्रमा दर (रेट) भर्नु अघि सम्वन्धित निर्माणस्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिइन्छ । उल्लेखित दर (रेट) निर्माणस्थलको यथार्थ वस्तुस्थिति बुझी भरेको मानिने छ ।
५. वोलपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम फलेवास नगर कार्यपालिकाको कार्यालय खानीगाउँको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक फलेवास शाखाको खाता नं. ३५४०३०३००७१०२ (ग-३-धरौटी) मा दाखिला गरेको सक्कल वैंक भौचर अथवा यस कार्यालयको नाममा जारी भएको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकबाट जारी भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ ।
६. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिइनेछ ।
७. वोलपत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
८. वोलपत्र पेश गर्दा वोलपत्र फाराममा तथा खाम वाहिर वोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको नाम, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
९. रीत नपुगी वा म्याद नाघी आएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१०. कार्यालयको हितलाई ध्यानमा राखी, कुनै कारण जनाई वा नजनाई, वोलपत्र दाखिला गर्ने फर्मको रेकर्डलाई दृष्टिगत गरी वोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं सो ऐन तथा नियमावलिको विभिन्न संशोधनमा भएको व्यवस्था अनुसार हुनेछ ।
१२. कुनै कारणवश बजेट निकासा हुन नसकेमा वा रकम नपुग हुन गएमा कामको परिमाण घटाई वा क्रमश: आगामी बर्षको वजेटबाट भुक्तानी दिइनेछ ।
१३. वोलपत्रसम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

तपपशील

| ठेक्का नं. | कार्यक्रम | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| NCB/WORKS/PMPARBAT/01/2075/76 | सभाहल निर्माण | ट्रस निर्माण, आल्मुनियम पार्टेसन, जस्ता, ढलान लगायतका कार्य | २३०९५९१।५४ | ७००००।- |

२०७५।९।२४

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत